एकाइ ११ · कर्तव्य

कार्यपत्र

पूर्णाङ्क ३३

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / ३३

१ शब्दार्थ [३]

समूह 'क' का शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस्। समूह 'ख' का दुईओटा अर्थ बढी छन्। प्रत्येक जोडाको ०.५ अङ्क छ।

समूह 'क'		समूह 'ख'
१. जिउनी	☐	**क.** लामो दौरा, मयलपोस
२. थाती	☐	**ख.** बढाइचढाइ गरेर भनिएको कुरा
३. अत्युक्ति	☐	**ग.** तेज बुद्धि भएको
४. मेधावी	☐	**घ.** प्रगतिमा डाह गर्ने र हानिमा खुसी हुने छरछिमेकी
५. अल्लारे	☐	**ङ.** अरूको जिम्मा लगाएर राखिएको सम्पत्ति, धरोहर
६. जोरीपारी	☐	**च.** हरेक पक्षको एघारौँ तिथि
		छ. अनुभव नभएको, उमेरले काँचो
		ज. अंशबन्डा गर्दा आमाबुबाले आफ्ना लागि छुट्याएको सम्पत्ति

२ टुक्काको प्रयोग [२]

दिइएका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्। प्रत्येकको १ अङ्क छ।

क. हरेस खानु

ख. कानमा तेल हाल्नु

३ ठिक कि बेठिक? [२]

पाठ्यपुस्तकको पृष्ठ १४१ देखि १४९ सम्म रहेको 'कर्तव्य' कथा पढ्नुहोस्। त्यसपछि वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. मुखिया गङ्गाधरको मृत्यु लगातार सात दिन ज्वरो आएर भयो। ☐

ii. अदालतले मुखले भनेको कुराभन्दा लेखिएको कुरालाई बढी महत्त्व दियो। ☐

iii. मुरलीधरले जन्तीमा गएर भोज खाए। ☐

iv. पुरोहितले मन्त्र अशुद्ध पढ्दा मुरलीधरले सच्याए। ☐

४ कथाको बोध [८]

'कर्तव्य' कथाका आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस्।

क. मुरलीधर जिल्लाभरि कुन नामले चिनिन्थे? [१]

ख. श्रीधरले पिपले खेत आफ्नो एक्लै हुने कुरा कुन आधारमा भने? [१]

ग. 'नबोलाईकन त कुकुर पनि नजाओस्' भन्ने कमलाको कुराको मुरलीधरले कस्तो जवाफ दिए? [२]

घ. 'कर्तव्य' कथाका आधारमा मुरलीधरको चरित्रचित्रण गर्नुहोस्। [४]

५ बोध प्रश्नोत्तर [४]

दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्।

साँधको झगडा

गोरखाको एउटा गाउँमा हरिबहादुर र टेकबहादुरका घर छेउछेउमा थिए। दुवैका बारीबिचको एउटा कान्लाको साँधमा वर्षौंदेखि झगडा थियो। कुरा वडा कार्यालयसम्म पुग्यो, तर टुङ्गो लागेन; दुई परिवारबिच बोलचाल नै बन्द भयो। एक वर्ष असारमा लगातार पानी परेपछि माथिल्लो पाखामा पहिरो गयो र टेकबहादुरको गोठ र आधा घर पुरियो। राति नै हरिबहादुर छोराहरूसँग पानीमा भिज्दै त्यहाँ पुगे र टेकबहादुरको परिवार र चौपायालाई आफ्नो घरमा ल्याए। टेकबहादुरको परिवार दुई महिना त्यही घरमा बस्यो। नयाँ घर बनाउँदा पनि हरिबहादुरले काठ दिए र श्रमदान गरे। घर सकिएपछि टेकबहादुरले त्यो कान्ला देखाउँदै भने, "यो साँध अब तिमीलाई जसरी मन लाग्छ, उसरी नै राख।" हरिबहादुर हाँस्दै बोले, "छिमेकी नै नभए साँधको के काम?"

क. दुई परिवारबिच किन बोलचाल बन्द भएको थियो?
ख. असारमा टेकबहादुरको परिवारमा कस्तो विपत्ति आइपऱ्यो?
ग. विपत्तिमा हरिबहादुरले के के सहयोग गरे?
घ. 'छिमेकी नै नभए साँधको के काम?' भन्ने भनाइले के सन्देश दिन्छ?

६ नाम धातु [२]

दिइएका क्रियामूलको बनोट प्रक्रिया देखाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

रिसाउनु, दुब्लाउनु, चिप्लिनु, भोकाउनु

७ प्रेरणार्थक क्रिया [२]

दिइएको अनुच्छेदलाई प्रेरणार्थकमा परिवर्तन गर्नुहोस्। प्रत्येक वाक्यको ०.५ अङ्क छ।

शशीधर बिहानै उठ्यो। उसले खाना खायो। ऊ मण्डपमा बस्यो। ऊ रघुवंश पढ्छ।

८ वाक्य सम्पादन [२]

'ऋ' र 'रि' को अशुद्धि सच्याएर वाक्य पुनर्लेखन गर्नुहोस्। प्रत्येक शुद्धिको ०.५ अङ्क छ।

गाउँका बिर्द्ध रिषिले दिनभऋ क्रिषिका कुरा सुनाए।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-10-nepali/kartavya

९ बुँदाका आधारमा कथा [४]

दिइएका बुँदाका आधारमा एउटा कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस्।

सल्यानको एउटा गाउँ — बुबा बितेपछि दाजुभाइबिच घरको अंशमा झगडा — दुई वर्ष बोलचाल बन्द — एक राति भाइको छोरी गम्भीर बिरामी — दाजुले बोकेर स्वास्थ्य चौकी पुऱ्याउनु — छोरी निको हुनु — दाजुभाइको मेलमिलाप — शिक्षा

१० सोच्नुहोस् [४]

सोचेर तर्कसहित उत्तर लेख्नुहोस्।

श्रीधरले पिपले खेत कानुनअनुसार जितेका थिए। के कानुनले ठिक भनेको कुरा सधैँ न्यायपूर्ण हुन्छ? 'कर्तव्य' कथाका आधारमा आफ्नो विचार लेख्नुहोस्।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-10-nepali/kartavya